नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरवार, काठमाण्डौ

(ग्रामिण विकास समन्वय शाखा)

फोन :४२००५११, ४२००३०४

इमेल : lbss-mld@yahoo.com

पत्र संख्या:- ०७३/७४

चलानी नं.:- २.१.१.(३)

मिति :-२०७३/०४/११

विषयः- कार्यसम्पादन सम्झौता सम्बन्धमा ।

श्री जिल्ला विकास समितिको कार्यालय,
सबै (७५ वटै) ।

प्रस्तुत विषयमा, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय र जिल्ला विकास समितिको कार्यालयका स्थानीय विकास अधिकारी बीच भएको कार्यसम्पादन सम्झौता सम्बन्धी विषय अवगत भएकै छ तर यस विषयमा केही जिल्लाहरूबाट कार्यसम्पादन सम्झौताको प्रति कार्यालयको अभिलेखमा नदेखिएकोले सो को प्रति पठाई दिनको लागि टेलिफोन मार्फत अनुरोध भए अनुसार सोको विवरण जानकारीको लागि मन्त्रालयको Website:- www.mofald.gov.np मा समेत राखिएको व्यहोरा आदेशानुसार पुनः अनुरोध छ ।

**बोधार्थः-**

श्री सूचना तथा विद्युतीय शासन शाखाः- पत्र सहित संलग्न विवरण मन्त्रालयको Website मा तत्काल upload गरिदिनु हुन अनुरोध छ ।

२०७३/०४/११

(डाल विक्रम कँडेल)

शाखा अधिकृत

**नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय र**

**जिल्ला विकास समितिको कार्यालय ... ... ... ... का**

**स्थानीय विकास अधिकारी श्री ... ... ... ...**

**बीच भएको कार्यसम्पादन सम्झौता**

**मिति: २०७२/.../...**

# नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय र स्थानीय विकास अधिकारी बीच भएको कार्यसम्पादन सम्झौता

स्थानीय स्वायत्त शासन ऐन, २०५५ स्थानीय स्वायत्त शासन नियमावली, २०५६ तथा निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० को नियम १२५,स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ एवं न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यविधि, २०६५ ले परिलक्षित गरे बमोजिम जिल्ला विकास समितिको भूमिकालाई अझ वढी सक्षम, सुदृढ, सेवामुलक र उत्तरदायी वनाई स्थानीय निकायहरुको परिणाममुखी व्यवस्थापन र संचालन गर्न समग्र सेवा प्रवाहलाई सुधार गर्दै नतिजामा आवद्ध गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव माधव प्रसाद रेग्मी र जिल्ला विकास समिति, .............का स्थानीय विकास अधिकारी श्री ............................................... का बीच मिति २०७२/.../... मा तपसिल बमोजिम कार्य-सम्पादन सम्झौता गरिएको छ।

**तपसिल**

**क.कार्यसम्पादन सम्झौताका शर्तहरुः**

१. यो सम्झौता हस्ताक्षर भएको मितिदेखि लागू हुनेछ।

२. यो सम्झौताको कार्यान्वयन गर्नेगराउने जिम्मेवारी स्थानीय विकास अधिकारीको हुनेछ।

३. मन्त्रालयले यस सम्झौतामा उल्लिखित कार्यक्षेत्रको कार्यान्वयनका लागि स्थानीय विकास अधिकारीलाई निरन्तर सहजीकरण, समन्वय र मार्गदर्शन गर्नेछ। मन्त्रालयले विषयगत मन्त्रालयहरुसंगको समन्वय र जिल्लाको प्राथमिकता अनुसार माग बमोजिमका निर्धारित कार्यहरु नतिजामूलक रुपमा सम्पादन गर्न आवश्यक सहजीकरण र समन्वय गर्नेछ।

४. नेपाल सरकारबाट प्राप्त हुने अनुदान र आन्तरिक स्रोत साधन तथा अन्य निकायबाट प्राप्त हुने बजेट तथा लगानीको उपयोग गरी यसमा उल्लेखित कार्य गर्नु पर्नेछ।

५. मन्त्रालयले आवश्यकता अनुसार यो कार्यसम्पादन सम्झौतामा परिमार्जन गर्न सक्नेछ ।

६. स्थानीय निकायसंग सम्वन्धित प्रचलित ऐन, कानून, नीति, निर्देशिका र कार्यविधिहरु, सुशासन ऐन तथा नियमावली र निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५० को परिधिभित्र रही स्थानीय विकास अधिकारीले देहाय बमोजिमका कार्यहरु सम्पादन गरी जिल्ला तथा स्थानीय (गाउँ विकास समिति र नगरपालिका) तहमा प्रवाहित सेवा र जनतालाई उपलब्ध गराइने सुविधामा मापनयोग्य नतिजाहरु हाँसिल गर्नुपर्नेछ।

७. यस कार्य सम्पादनको मूल्यांकन गर्दा यो सम्झौता भएको मितिदेखि सम्पादन भएको कार्यको मात्र मूल्यांकन हुनेछ।

८. यस कार्य-सम्पादनको सम्झौतामा हस्ताक्षर गर्ने स्थानीय विकास अधिकारी सरुवा वा अवकाश वा अन्य कुनै कारणबाट हालको कार्यालयमा नरहे पनि पछिल्लो स्थानीय विकास अधिकारीको समष्टिगत संस्थागत निरन्तरता स्वरुप यो संझौता कायम रहनेछ। साथै कार्य मूल्यांकन यसै सम्झौता अनुरुप हुनेछ।

९. स्थानीय विकास अधिकारीले नतिजामा आधारित सूचकहरुको आधारमा मासिक प्रगतिको अंक भार सहित मन्त्रालयमा पठाउनु पर्नेछ।

१०. स्थानीय विकास अधिकारीले जिल्ला प्राविधिक कार्यालयका प्रमुख लगायत जिम्मेवार पदाधिकारीसंग समेत यसै सम्झौताका आधारमा कार्यसम्पादन सम्झौता गर्न सक्नेछ।

११. स्थानीय विकास अधिकारीले जिल्लाभित्र रहेका गाउँ विकास समितिसँग समेत यसै सम्झौतका आधारमा कार्यसम्पादन सम्झौता गर्नु पर्ने छ। सम्बन्धित सहकार्यका सम्बन्धमा नगरपालिकाका सचिवसँग पनि सहकार्य गर्न सकिनेछ।

१२. प्रचलित कानूनमा संशोधन वा परिवर्तन भई यस सम्झौताका सूचकको सीमा, स्तरर मापदण्ड आदिमा परिवर्तन भएमा सोही अनुसार यस कार्य सम्पादन सम्झौतामा परिवर्तन भएको मानिनेछ।

ख.स्थानीय विकास अधिकारीले हासिल गर्नु पर्ने नतिजामूलक कार्य सूचकहरु देहाय बमोजिम रहेका छन् :

| सूचक संख्या | कार्यक्षेत्र | स्रोत साधन | सूचक | अपेक्षित नतिजा | मापक | पूर्णाङ्क | कार्य -समय |
|---|---|---|---|---|---|---|---|
| क. | **योजना तर्जुमा र कार्यान्वयन - १५** | | | | | | |
| १. | सहभागितामूलक योजना | आन्तरिक आय र केन्द्रीय अनुदान | जिविसले सहभागितामूलक पद्दति (१४ चरण) अपनाई समावेशी जिल्ला विकास आवधिक र बार्षिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको हुनेछ । | जिल्ला विकास योजना तर्जुमा र कार्यान्वयन ।<br><br>निर्धारित चौमासिक लक्ष्य अनुसार प्रगति हासिल भएको । | • जिल्ला पार्श्वचित्रलाई बार्षिक रुपमा अध्यावधिक गरेको - ३<br>• आवधिक जिल्ला विकास योजना तयार भएको - ३<br>• राष्ट्यि नीति तथा प्रतिबद्दताहरु कार्यान्वयनमा सहयोग पुग्ने गरी आवधिक तथा बार्षिक योजना तयार गरेको - २<br>• आवधिक योजनाको बजेट प्रक्षेपण अनुसार बार्षिक बजेट विनियोजन र कार्यक्रम प्राथमिकीकरण गरेको - २<br>• अख्तियारी पाएको ३० दिन भित्र बार्षिक कार्यक्रम स्वीकृत गरी जानकारी पठाएको - १<br>• बार्षिक योजनामा समावेश भएका योजनाहरु चौमासिक लक्ष्य अनुरुप कार्यान्वयन गरेको - २<br>• बार्षिक योजनामा समावेश भएकामध्ये साठी प्रतिशत योजनाको फरफारख जेष्ठ मसान्त भित्र गरी सकेको - २ | १५ | सालबसाली |
| ख | **सुशासन, सेवा प्रवाह र सूचना प्रविधि - २०** | | | | | | |
| २. | नागरिक वडापत्र तथा हेल्पडेस्क | आन्तरिक श्रोत तथा केन्द्रीय अनुदान समेत | नागरिक वडापत्रको व्यवस्था र हेल्पडेस्क र चुस्त एवं सहज आन्तरिक व्यवस्थापन | नागरिकहरुलाई सेवा प्रवाहका वारे सुसूचित गराई कार्य वातावण सेवाग्राही मैत्री बनाएको | • अध्यावधिक नागरिक वडापत्र - १<br>• हेल्पडेस्क र आन्तरिक Layout सेवाग्राही मैत्री भएको - १<br>• टोलफ्रि टेलिफोन Intercom जडान र सुचारु - १ | ३ | |
| ३. | सार्वजनिक जवाफदेहिता | आन्तरिक श्रोत तथा केन्द्रीय अनुदान समेत | सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गरेको | वर्षमा कम्तीमा ३ पटक सार्वजनिक सुनुवाई र वर्षमा १ पटक सामाजिक परीक्षण गरेकोर वडा नागरिक मञ्चलाई नागरिक जवाफदेहितामा संलग्नता | • सार्वजनिक सुनुवाई प्रगति प्रतिवेदन सार्वजनिक गरेको - १<br>• सामाजिक परीक्षण प्रतिवेदन वेवसाइट मा राखेको -१<br>• नागरिक मंचको १२ महिने कार्ययोजना स्वीकृत गरी कार्ययोजना बमोजिम बैठक संचालन भएको - २ | ४ | |
| ४. | वेवसाइट व्यवस्थापन | | वेवसाईट अद्यावधिक गरेको | आधारभूत सुचनाहरु वेवसाइट मा प्रविष्ट गरी नियमिति रुपमा अद्यावधिक (Update) गरेको | • जिविसका आधारभूत सूचनाहरु अद्यावधिक रुपमा प्रविष्ट गरेको - १<br>• कार्य सम्पादन सम्झौतामा उल्लेखित विवरणहरु समेत राखी वेवसाईट सुचारु भएको - १<br>• नगरपालिका र गाविसका विवरणहरु समेत राख्ने पोर्टल राखी वेवसाईट सुचारु गरी राखेको - १ | ३ | |

| सूचक संख्या | कार्यक्षेत्र | स्रोत साधन | सूचक | अपेक्षित नतिजा | मापक | पूर्णाङ्क | कार्य -समय |
|---|---|---|---|---|---|---|---|
| ५. | भौतिक सम्पत्ति व्यवस्थापन | | कार्यालयको भौतिक सम्पत्तिको प्रभावकारी र दक्षतापूर्ण व्यवस्थापन गरेको | भौतिक सम्पत्तिको अभिलेख अद्यावधिक गरी सदुपयोग गरेको | • कार्यालयको भौतिक सम्पत्तिको अभिलेख अद्यावधिक विवरण - १<br>• भौतिक सम्पत्ति संरक्षण र समुचित उपयोगका प्रयासहरु (जस्तैः लिलामी, भाडा वा लिजमा दिएका निर्णयहरु) - १ | २ | |
| ६. | खरिद प्रकृया इ-सबमिशन (E-Submission) कार्यान्वयन | | जिविसले रु ३५ लाख भन्दा माथिको सवै प्रकारको ठेक्कामा इ सब मिशन लागु गरेको | खरिद प्रकृया प्रतिस्पर्धात्मक, पारदर्शी र प्रभावकारी रुपले संचालन हुने । | • रु ३५ लाख भन्दा माथिका सवै प्रकारको खरिद प्रकृयामा इ सबमिशन लागू गरिएको - २ | २ | १ वर्ष |
| ७. | इन्टरनेट प्रयोग | आन्तरिक आय र अनुदान | • सबै अधिकृत स्तरका कर्मचारीहरुको कार्यालयको ठेगाना रहेको इ मेल खोलिएको हुनेछ ।<br>• चौथो तहभन्दा माथिका सम्पूर्ण कर्मचारीहरुलाई Basic computer Knowledge हुनेछ । | विद्युतीय शासन प्रबर्द्धन भई इन्टरनेटका माध्यमबाट अन्तर शाखाबीच सूचना तथा जानकारी आदान प्रदान भएको हुने । | • इन्ट्रानेट जडान र प्रयोग गरेको - १<br>• इन्ट्रानेट मार्फत जिविसले आन्तरिक सञ्चारमा कागजरहित (Paperless) अवधारणा कार्यान्वयन गरेको - १<br>• जिविस तथा ५०% भन्दा बढी गाविस तथा नगरपालिकामा इन्टरनेट प्रयोगमा आएको - १ | ३ | १ वर्ष |
| ८. | विद्युीतय सुशासन | आन्तरिक आय र अनुदान | विद्युतीय सुशासन (ईगभर्नेन्स प्रणाली) को अभ्यास । | सेवा प्रवाह प्रभावकारिता बढेको हुने | • ई गभर्नेन्स प्रारम्भ गरी अनलाईन आवेदन लिने प्रणाली स्थापना गरेको - २<br>• जिविसमा निरन्तर ईन्टरनेट/वाईफाई सुविधाको जडान गरिएको - १ | ३ | निरन्तर |
| **ग** | **आन्तरिकश्रोत व्यवस्थापन - १२** | | | | | | |
| ९. | जिविस, नपा तथा गाविसको राजश्व बृद्धि | आन्तरिक आय | गाविस तथा नगरपालिकाहरुको कूल आन्तरिक आय प्रत्येक वर्ष अघिल्लो आ.व. को तुलनामा कम्तिमा १० प्रतिशतले बृद्धि भएको | सबै गाविस तथा नगरपालिकाहरुको नियमित चालू खर्च आन्तरिक आयले मात्र व्यहोरिएको | • जिविसको पहलमा जिविस, नगरपालिकाहरु र गाविसहरुको आन्तरिक राजस्व बृद्धिका लागि प्रक्षेपण तथा कार्ययोजना तयार गरेको - १<br>• अघिल्लो बर्षको आम्दानी भन्दा १० % वा सो भन्दा बढी २० % सम्म राजश्व बृद्धि भएमा - २<br>• अघिल्लो बर्ष भन्दा २० %भन्दा बढी राजश्व बृद्धिभएको - २ | ५ | सालवसाली |
| १०. | गाविस तथा नगरपालिकाको व्यवयास कर | आन्तरिक आय र अनुदान | जिविसको सक्रियतामा गाविस तथा नगरपालिकाहरुमा व्यवसाय करको नक्सांकन गरी व्यवसाय करको दायरामा आउन सक्ने करदाताहरु बढेका हुने । | व्यवसाय कर तिर्ने करदाता र कर रकममा वृद्धि भएको । | • व्यवसाय कर नक्सांकन गरी पहिलो वर्ष २५ % गाविस तथा नगरपालिकामा कम्तिमा १० प्रतिशत नयाँ करदाताहरु करको दायरामा आएको - १<br>• दोश्रो वर्ष ५० % गाविस तथा नगरपालिकामा कम्तिमा १० प्रतिशत नयाँ करदाताहरु करको दायरामा आएको - ३<br>• तेश्रो वर्ष ७५ % गाविस तथा नगरपालिकामा कम्तिमा १० प्रतिशत नयाँ करदाताहरु करको दायरामा आएको | ५ | ३ वर्ष |

| सूचक संख्या | कार्यक्षेत्र | स्रोत साधन | सूचक | अपेक्षित नतिजा | मापक | पूर्णाङ्क | कार्य -समय |
|---|---|---|---|---|---|---|---|
| | | | | | - ५ | | |
| ११. | विद्युतीय राजस्व प्रशासन | | राजस्व सफ्टवेयरको प्रयोग | राजस्व प्रशासन सुदृढ भएको हुने | • पहिलो बर्ष राजश्व दाखिला र राजस्व तिरेको रसिद विद्युतीय माध्यमबाट उपलब्ध हुने - १<br>• मासिक राजस्वको फाँटवारी विद्युतीय माध्यमबाट तयार भएको - १ | २ | २ बर्ष |
| **घ** | **स्थानीय पूर्वाधार विकास (सडक, सिंचाई, खानेपानी, भवन, विद्युत, वस्तीविकास, नदि नियन्त्रण)- ५०** | | | | | | |
| १२. | जिल्ला यातायात गुरुयोजना | आन्तरिक श्रोत र सशर्त अनुदान | जिल्ला यातायात गुरुयोजना अद्यावधिक रहेको | अद्यावधिक जिल्ला यातायात गुरुयोजना निर्माण,अद्यावधिक तथा कार्यान्वयनमा आएको हुने । | • जिल्ला यातायात गुरुयोजना स्वीकृत गरी जिआईएस प्रविधि सहित वेवसाईटमा राखेको - १<br>• जिल्ला यातायात गुरुयोजना अनुसार सडक निर्माण भएको - १<br>• जिल्ला यातायात गुरु योजना अनुसार सडकको नियमित मर्मत सम्भार गरेको - १ | ३ | २ वर्ष |
| १३. | जिल्ला सडक सञ्जाल अभिलेख | आन्तरिक आय र अनुदान | जिविसले आफूले बनाएका, हस्तान्तरण भई आएका र अन्य स्थानीय निकायले बनाएका सबै स्थानीय पूर्वाधारको अध्यावधिक अभिलेख लगत तयार गरेको । | लगतको तयारी तथा बार्षिक रुपमा अध्यावधिक गरेको | • जिल्ला भित्रका सडक, पुल, झोलुङ्गे पुल, तुइन, कलभर्ट आदिको लगत किताब तयार गरेको - १<br>• प्रत्येक बर्ष उक्त लगत अद्यावधिक गरेको - १<br>• उक्त सबै विवरणहरु जिल्ला यातायात गुरुयोजनामा प्रत्येक बर्ष GIS MAP मा अध्यावधिक गरी सार्वजनिक गरेको - १ | ३ | १ बर्ष |
| १४. | सडकका जग्गाको लगत कट्टा | आन्तरिक आय र अनुदान | जिल्लास्तरीय निकायहरुसँग समन्वय गरी सबै सडक रहेको जग्गाको लगत कट्टी गराएको | जिल्लाका सबै सडकका जग्गाको स्वामित्व सार्वजनिक भएको । | • जिल्लाका कम्तिमा आधा सडक रहेको जग्गाको अभिलेख खडा गरेको - १<br>• जिल्लाका सबै सडक रहेको जग्गाको लगत खडा गरेको - १<br>• जिल्ला यातायात गुरु योजना र स्थानीय सडक सञ्जालमा परेका कम्तीमा ५० प्रतिशत सडकको राइट अफ वे सहितको सडकको जग्गाको लगत कट्टी गराएको - ४<br>• जिल्ला यातायात गुरु योजना र स्थानीय सडक सञ्जालमा परेका सम्पूर्ण सडकको जग्गाको राइट अफ वे सहितको सडकको लगत कट्टी गरी पूर्ण अभिलेख तयार पारेकोको - ५ | ५ | सालवसाली |
| १५. | गाविस तथा नगरपालिकामा भवन संहिता कार्यान्वयन | आन्तरिक आय र अनुदान | हरेक वर्ष कम्तिमा थप १ गाविस तथा नगरपालिकामा भवन संहिता कार्यान्वयनमा ल्याईएको | सबै गाविस र नपामा भवन संहिता लागू गरिएको | • १. कम्तिमा दश प्रतिशत गाविस तथा नरपालिकामा भवन संहिता लागू गरेको - १<br>• २.कम्तिमा पचास प्रतिशत गाविस र नपामाभवन संहिता लागु गरेको - २<br>सबै नगरपालिका र ५० प्रतिशत गाविसमा लागू गरेको- २ | २ | सालबसाली |
| १६. | सडक बाहेकका स्थानीय पूर्वाधारको लगत | आन्तरिक आय र अनुदान | स्थानीय पूर्वाधारका अन्य क्षेत्रहरुको लगत अद्यावधिक । | स्थानीय भौतिक पूर्वाधारको तथ्यांक उपलब्ध हुने । | • खानेपानी तथा सरसफाइ सम्बन्धी योजना र खानेपानी उपलब्ध जनसंख्याको लगत तयार भएको-१<br>• सिंचाई सम्बन्धी योजना र सिंचित क्षेत्रको लगत | ५ | |

| सूचक संख्या | कार्यक्षेत्र | स्रोत साधन | सूचक | अपेक्षित नतिजा | मापक | पूर्णाङ्क | कार्य -समय |
|---|---|---|---|---|---|---|---|
| | | | | | तयार भएको - १<br>• सार्वजनिक भवन, सामुदायीक भवन कृषि र पशु सेवा सम्बन्धी स्थानीय पूर्वाधारसम्बन्धी तथ्यांक । लगत- १<br>• उर्जा क्षेत्रः जलविद्युत, वैकल्पिक उर्जा तथा लघु जलविद्युत सम्बन्धी तथ्यांक वा अभिलेख - १<br>• नदी नियन्त्रण तथा अन्य स्थानीय पूर्वाधार सम्बन्धी लगत, अभिलेख र तथ्यांकको उपलब्धता - १ | | |
| १७. | रङ्गशाला वा खेल मैदान निर्माण र संचालन | | जिविसले गाविस तथा नगरपालिकाको सहकार्यमा आफैंले वा सर्वसाधरण जनताको समेत साझेदारीमा कम्तिमा आगामी ५ वर्ष भित्रमा रङ्गशाला वा खेलमैदान निर्माण गरी सक्ने गर्न कार्यथालनी गरेको | जिल्लामा रंगशालावा व्यवस्थित खेल मैदान निर्माण र संचालन भएको । | • रङ्गशाला वा खेल मैदानको निर्माण तथा प्रयोगमा आएको - १ | १ | २ वर्ष |
| १८. | भौतिक पूर्वाधारको गुणस्तर | आन्तरिक आय र अनुदान | प्रयोगशाला स्थापना र संचालन र परीक्षणको नतिजा सार्वजनिक भएको | जिल्लास्तरका पूर्वाधार जन्य योजनाको प्रयोगशालाबाट गुणस्तर परीक्षण गरेको र प्रतिवेदन सार्वजनिक गरेको । | • गुणस्तर परिक्षण प्रयोगशाला स्थापना गरेको - १<br>• गुणस्तर परिक्षण प्रयोगशाला संचालनमा ल्याएको - २<br>• गुणस्तर प्रयोगशालाका नतिजा सार्वजनिक गरेको - १<br>• अन्य जिल्लामा लगेर परीक्षण गरेको र सोको नतिजा सार्वजनिक गरेको - १ | ५ | २ वर्ष |
| १९. | प्राविधिक कार्य व्यवस्थापन | आन्तरिक आय र अनुदान | प्राविधिकहरु तोकि साईट व्यवस्थापन प्रभावकारी भएको | योजनाको डिजाईन र कार्यान्वयन समयमा सम्पन्न भएको । | • प्राविधिक कर्मचारीहरुको जिम्मेवारी समयमै तोकएको - १<br>• समय तालिका बनाई प्राविधिक प्रमुख र ईन्जिनियरले अनुगमन गर्ने गरेको - २<br>• साईट ईन्स्ट्रक्सन बुक प्रयोग भएको - २ | ५ | |
| २०. | सडक मापदण्ड निर्धारण | आन्तरिक आय र अनुदान | जिल्ला परिषदबाट सबै गाविस तथा नगरपालिकामा रहेका सडकहरुको Right of Way निर्धारण भएको । | सबै गाविस तथा नगरपालिकाको सडक Right of way को मापदण्ड निर्धारण र कार्यान्वयन । | • आगामी आ.व. देखि निर्माण हुने कम्तिमा ५०% सडकको Right या way कोमापदण्ड पालना गरेको - १<br>• आगामी आ.व. देखि निर्माण हुने सबै सडकले Right of way कोमापदण्ड पालना गरेको - १ | २ | २ वर्ष |
| २१. | सडक वत्तीको व्यवस्थापन | आन्तरिक आय र अनुदान | गाविस तथा नगरपालिकाहरुले समुदायसँग सहकार्य गरी मूल सडकको वरपर सौर्य उर्जा लगायतको माध्यमबाट सडक वत्ती सञ्चालनमा ल्याएको | गाविस तथा नगरपालिकाको मानव बस्ति रहेको मूल सडकको आसपास सडक वत्तीको व्यवस्था गरेको । | • २ वर्ष भित्र कम्तिमा १० कि.मि. थप सडकमा सडक वत्तीको व्यवस्था भएको - १<br>• १० कि.मि. भन्दा बढी सडकमा सडक बत्तीको व्यवस्था भएको - २ | २ | २ वर्ष |

| सूचक संख्या | कार्यक्षेत्र | स्रोत साधन | सूचक | अपेक्षित नतिजा | मापक | पूर्णाङ्क | कार्य -समय |
|---|---|---|---|---|---|---|---|
| २२. | स्थानीय पूर्वाधारमा वातावरणीय दीगोपना | आन्तरिक श्रोत र अनुदान | दीगो स्थानीय पूर्वाधार विकासको लागि विभिन्न उपायहरुको अवलम्बन गरेको । | स्थानीय पूर्वाधार विकास वातावरण मैत्री र दिगो बनाउने । | • IEE/EIA स्वीकृत गरी सार्वजनिक गरेको - १<br>• स्वीकृत IEE/EIA को नियमित अनुगमन गरी प्रतिवेदन गर्ने गरेको - २<br>• Bio Engeeniring प्रविधिको कार्यान्वयन गरेको- १<br>• जलवायु परिवर्तन अनकुलन कार्यक्रम लागू गरेको- २<br>• स्थानीय पूर्वाधार निर्माण गर्दा रैथाने प्रविधि (Indigenous technology) अपनाएको - २ | ८ | |
| २३. | स्थानीय पूर्वाधारमा जोखिम पक्षका सरोकारहरुको सम्बोधन | आन्तरिक श्रोत र अनुदान | पूर्वाधार निर्माण गर्दा जोखिम न्युनीकरण, समावेशी सरोकारहरुको सम्बोधन हुने । | स्थानीय पूर्वाधार विकासमा जोखिम घटेको सरोकारवालाहरुको स्वामित्व बढेको । | • स्थानीय पूर्वाधार निर्माण गर्दा विपद् जोखिम आकलन गरी सोही अनुसार व्यवस्थापन गरिएको - २<br>• सार्वजनिक भवन, खानेपानी, शौचालय र सडक निर्माण गर्दा अपांग, महिला, वालमैत्री (कम्तिमा एक)अनुकुलको पूर्वाधार बनाएको - २ | ४ | |
| २४. | उपभोक्त मैत्री स्थानीय पूर्वाधार अभिलेख | आन्तरिक श्रोत र अनुदान | उपभोक्ता समिति मार्फत संचालन गर्ने योजनाहरुको लागत अनुमान देखि फरफारक सम्मका कागजातहरु नेपाली भाषमा राखिएको । | सरोकारवालाहरुले स्थानीय पूर्वाधार विकास निर्माणहरुका बारेमा लागत, परिमाण, गुणस्तर समयका विषयमा सेवाग्राही जानकार भएका हुने । | • उपभोक्ता समिति मार्फत संचालन गर्ने योजनाहरुका लागत अनुमान, नापीकिताव, मूल्यांकन र फरफारक सम्बन्धी फारामहरु नेपाली भाषामा समेत राख्ने गरेको - १<br>• उपभोक्ता समितिको अनुगमन गर्ने गरेको र तालिम दिने गरेको - १<br>• स्थानीय पूर्वाधार योजनाहरुमा योजनास्थलमा होर्डिंग बोर्ड राख्ने गरेको - १<br>• स्थानीय पूर्वाधार योजनाहरुमा समयमै सम्पन्न गरेको - २ | ५ | १ बर्ष |
| ङ | **सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्ता - १०** | | | | | | |
| २५. | सामाजिक सुरक्षा भत्ता व्यवस्थापन | सामाजिक सुरक्षाको बजेट अनुदान | सामाजिक सुरक्षा भत्ता तोकिएको माध्यममार्फत वितरण भएको र यस सम्बन्धी विवरणहरु नियमित रुपमा अभिलेख अद्यावधिक गरी सार्वजनिक गरेको हुने । | सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली प्रभावकारी गरिएको हुने । | • बैंक मार्फत वितरण गर्ने भनि तोकिएका गाविस तथा नगरपालिकामा सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण गरिएको - १<br>• हरेक बर्ष माघ १५ गतेभित्र सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउनुपर्नेहरुको अद्यावधिक विवरण विभागमा उपलब्ध भएको र वेवसाईट लगायतका माध्यमबाट सार्वजनिक गरिएको - १<br>• सा.सु.भत्ताको निकासा तोकिएको समयमै गा.वि.स/न.पा.हरुमा पठाएको - २<br>• भत्ता प्राप्त गर्नेहरुको विवरण वेवसाईट लगायत अन्य माध्यमबाट सार्वजनिक गरेको - २<br>• सामाजिक सुरक्षा भत्ता वितरणको सम्बन्धीत अनुगमन समितिबाट अनुगमन गरी प्रतिवेदन वेवसाईटमा सार्वजनिक गरको - २ | ६ | २ वर्ष |
| २६. | व्यक्तिगत घटना दर्ता व्यवस्थापन | आन्तरिक आय र अनुदान | व्यक्तिगत घटना दर्ता अभिलेख अद्यावधिक | व्यक्तिगत घटना दर्ताको सेवा प्रवाहमा सुधार | • व्यक्तिगत घटना दर्ताको प्रगती विवरण समयमै विभागमा पठाएको - १ | ४ | २ वर्ष |

| सूचक संख्या | कार्यक्षेत्र | स्रोत साधन | सूचक | अपेक्षित नतिजा | मापक | पूर्णाङ्क | कार्य -समय |
|---|---|---|---|---|---|---|---|
| | | | भएको र सेवाग्राहीले समयमै सेवा पाएको । | भएको । | • सन् २०२४ सम्म सबै घटना दर्ता गर्ने जिल्लास्तरिय योजना बनाएको - १<br>• व्यक्तिगत घटना दर्ता सरदर ६० प्रतिशत पुगेको हुने - १<br>• वडा नागरिक मंच र नागरिक सचेतना केन्द्र समेतको सक्रियतामा गाविस तथा नगरपालिकाको सवै घटनाको घटना दर्ता हुने गरेको - १ | | |
| **च** | **वातावरण संरक्षण र सरसफाइ– १८** | | | | | | |
| २७. | सार्वजनिक पार्क स्थापना | आन्तरिक आय र अनुदान | जिविसले आफैं वा मातहतका गाविस तथा नगरपालिकासँग संयुक्त रुपमा आगामी ५ वर्ष भित्रमा कम्तिमा एक सार्वजनिक पार्क स्थापना गर्ने कार्यक्रम संचालनमा ल्याएको । | जिल्लामा कम्तिमा एकसार्वजनिक पार्क स्थापना भएको । | • सार्वजनिक पार्क निर्माण कार्यक्रम स्वीकृत गरी कार्यान्वयन चरणमा प्रवेश गरेको - १<br>• सार्वजनिक पार्कको निर्माण सम्पन्न भै कार्यान्वयनमा रहेको - २ | २ | २ वर्ष |
| २८. | कम गुणस्तरका प्लास्टिक झोला प्रयोगमा बन्देज | आन्तरिक आय | जिविसले नेपाल सरकारले निर्धारण गरे बमोजिम जिल्ला परिषद्बाट निर्णय गरी प्लास्टिकको झोला प्रयोगमा बन्देज लगाएको | वातावरण स्वच्छ भएको । | • ५० % गाविस तथा नगरपालिकामा मापदण्ड विपरित प्लाष्टिक झोला प्रयोगमा बन्देज लगाएको - १<br>• जिल्ला भित्रका सबै गाविस तथा नगरपालिकामा मापदण्ड विपरितका प्लाष्टिक झोलाको प्रयोगमा बन्देज लगाएको - २ | २ | २ वर्ष |
| २९. | वातावरण मैत्री कार्यालयको सूचकको कार्यान्वयन | आन्तरिक आय र अनुदान | जिविस, गाविस/ नगरपालिकाले वातावरण मैत्री स्थानीय शासनको प्रारुप २०७० मा उल्लेखित वातावरण मैत्री कार्यालयका सूचकहरु कार्यान्वयनमा ल्याएको । | जिविस, गाविस तथा नगरपालिका का कार्यालयहरु वातावरण मैत्री घोषण भएको | • जिविस कार्यालयले कम्तिमा दुई तिहाई सूचकहरु कार्यान्वयनमा आएको प्रतिवेदन स्थलगत निरीक्षणबाट देखिएको - १<br>• सबै गाविस, नपाका कार्यालयले कम्तिमा दुई तिहाई सूचकहरु कार्यान्वयनमा आएको प्रतिवेदन स्थलगत निरीक्षणबाट देखिएको - २ | २ | २ वर्ष |
| ३०. | गाविस तथा नगरपालिकाको घर परिवार तहले वातावरण मैत्री आधारभुत तहको सूचक पूरा गरेको | आन्तरिक आय र अनुदान | कम्तिमा २५ % गाविस तथा नगरपालिकाले घर परिवार तहको आधारभूत तथा विकसित सूचक पूरा गरेको | गाविस तथा नगरपालिकाका सबै घरले वातावरण मैत्री आधारभूत लोगो प्राप्त गरेको | • १. जिल्ला भित्रका ५०% सम्म गाविस तथा नगरपालिकाले वातावरण मैत्री आधारभूत सुचकहरु पुरा गरेको - १<br>• २. जिल्लाभित्रका ५०% भन्दा बढी गाविस तथा नगरपालिकाले वातावरणमैत्री आधारभूत सूचक पुरा गरेको - २ | २ | २ वर्ष |
| ३१. | एक गाउँ एक पोखरी निर्माण । | अनुदान र आन्तरिक आय | हरेक गाविस तथा नगरपालिकामा एक गाउँ एक पोखरी निर्माण भएको | जलश्रोतको संरक्षण र पर्यावरण संरक्षण । | • जिल्लाका ५० % गाविस तथा नगरपालिकाले एक गाउँ एक पोखरी निर्माण गरेका - १<br>• जिल्लाका ७० % भन्दा बढी गाविस तथा नगरपालिकाले एक गाउ एक पोखरी निर्माण गरेका-२ | २ | २ वर्ष |

| सूचक संख्या | कार्यक्षेत्र | स्रोत साधन | सूचक | अपेक्षित नतिजा | मापक | पूर्णाङ्क | कार्य -समय |
|---|---|---|---|---|---|---|---|
| ३२. | एक गाउँ एक नर्सरी | अनुदान र आय | हरेक गाविस तथा नगरपालिकामा एक गाउँ एक नर्सरी सञ्चालनमा आएको | विरुवाको उपलब्धता सहज भएको । | • जिल्लाका ५० % गाविस तथा नगरपालिकाले एक गाउँ एक नर्सरी निर्माण गरेको - १<br>• जिल्लाका ७० % भन्दा बढी गाविस तथा नगरपालिकाले एक गाउँ एक नर्सरी निर्माण गरेको- २ | २ | २ वर्ष |
| ३३. | फोहरमैला व्यवस्थापन | आन्तरिक आय वा अनुदान | हरेक गाविस वा गाविसहरुले संयुक्त रुपमा ल्याण्ड फिल्ड साइट व्यवस्था गरेको र संचालनमा ल्याएको । | फोहोर मैलाको दिगो र प्रभावकारी व्यवस्थापन । | • २५ प्रतिशत गाविसले ल्याण्डफीलसाईट स्थापना ( रिसाइल्किङ, प्रशोधन केन्द्र लगायत) गर्न आवश्यक व्यवस्था (क्षेत्र तोकेको, प्राविधिक डिजाईन गरेको आदि) - १<br>• २५ प्रतिशत गाविसले ल्याण्डफिल साईट संचालनमा ल्याएको - १<br>• फोहोर मैला संकलनका लागि व्यवस्थापन गरेको ( फोहोर छुट्याउने, संकलन साधन र जनशक्ति आदिको व्यवस्था ) - १ | ३ | नियमित |
| ३४. | खुल्ला दिशामुक्त जिल्ला घोषणा | आन्तरिक आय वा अनुदान | जिल्लालाई खुल्ला दिशामुक्त जिल्लाको रुपमा विधिवत तरिकाले घोषणा गरिएको | जिल्लामा सबै घरपरिवारको घरधुरिमा मापदण्डयुक्त चर्पि प्रयोगमा आएको । | • ODF घोषणा गर्न बाँकी गाविस तथा नगरपालिका मध्ये ५० % थप गाविस तथा नगरपालिकालाई ODF घोषणा गरिएको - १<br>• पूरै जिल्ला ODF घोषणा गरिएको - २<br>• विगतमा ODF घोषणा भैसकेका जिल्लाको हकमा पूर्ण सरसफाईको रणनीति स्वीकृत गरी कार्यान्वयनमा ल्याएको - ३ | ३ | २ वर्ष |
| **छ** | **प्रशासकीय व्यवस्थापन र नियन्त्रण (न्यूसकास नतिजा समेत) – ४०** | | | | | | |
| ३५. | न्यूनतम शर्त (न्युश ) पालना | आन्तरिक आय र अनुदान | जिविस र जिल्लाका सबै गाविस तथा नगरपालिकाहरुले स्थानीय निकाय वित्तिय आयोगले निर्धारण गरै अनुसार न्यूनतम शर्तहरु पूरा गरेको । | जिविस, गाविस तथा नगरपालिकाले न्यूनतम शर्त पुरा गरी सरकारबाट उपलब्ध हुने अनुदान प्राप्त गर्न सक्षम हुने । | • जिविसले न्युनतम शर्त पूरा गरेको - ४<br>• जिविस र जिल्लाका कम्तिमा ७५ प्रतिशत गाविस र सबै नगरपालिकाले न्युनतम शर्त पूरा गरेको - ६<br>• जिल्लाका सबै स्थानीय निकायहरुले न्युनतम शर्त पूरा गरेको - ८ | ८ | सालवसाली |
| ३६. | कार्य सम्पादन ( कास) मापनमा उच्च अंक प्राप्त | आन्तरिक आय र अनुदान | जिविस र जिल्लाका सबै गाविस तथा नगरपालिकाहरुले स्थानीय निकाय वित्तिय आयोगले निर्धारण गरे अनुसार कार्य-सम्पादन मापनमा ८१ % भन्दा बढी अंक प्राप्त गरेको | स्थानीय निकायको कार्यकुशलता बृद्धि भै कार्यसम्पादनमा गुणस्तरियता हुने । | • जिविसको कार्यसम्पादन मापनमा ५१ % भन्दा बढी अंक ल्याएको - ९<br>• जिविसको कार्यसम्पादन मापनमा ६५ प्रतिशत वा सो भन्दा बढी अंक हासिल गरेको - १५<br>• जिविसको कार्यसम्पादन मापनमा ८१ प्रतिशत वा सो भन्दा बढी अंक हासिल गरेको - २५ | २५ | सालवसाली |
| ३७. | जिल्ला स्थित विषयगत निकायहरुसंग | आन्तरिक आय र अनुदान | सबै निकायहरुको प्रगति अद्यावधिक भई समन्वय प्रभावकारी हुने । | स्थानीय विकासमा प्रभावकारी समन्वय भएको । | • चौमासिक रुपमा बिषयगत निकाय, गैसस र अन्य सरोकारवालाहरु सँग बैठक - १<br>• सहभागितात्मक योजना तर्जुमा एवं कार्यान्वयनमा | ४ | २ वर्ष |

| सूचक संख्या | कार्यक्षेत्र | स्रोत साधन | सूचक | अपेक्षित नतिजा | मापक | पूर्णाङ्क | कार्य -समय |
|---|---|---|---|---|---|---|---|
| | नियमित समन्वय वैठक | | | | समन्वय - १<br>• आवधिक योजना र बार्षिक जिल्ला विकास योजनाका लक्ष्यहरु पूरा गर्न विषयगत निकायहरु सँग समन्वय गर्न बर्षभरीमा कम्तिमा दुई दुई वटा बैठक भएको- २ | | |
| ३८. | जिविसका कर्मचारी र गाविस सचिवसँग कर्मचारी सँग कार्य सम्पादन सम्फौता | आन्तरिक आय र अनुदान | जिल्ला प्राविधिक कार्यालयका प्रमुख, जिविसका अधिकृत कर्मचारी र गाविस सचिवसँग कार्यसम्पादन सम्फौता भएको हुने | जिविस र गाविसको कार्यसम्पादन नतिजामा आधारित भएको हुने । | • जिल्ला प्राविधिक कार्यालयका प्रमुख र जिविसका अधिकृत कर्मचारीसँग कार्यसम्पादन सम्फौता गरेको - १<br>• कम्तिमा ५० प्रतिशत गाविस सचिवसँग कार्यसम्पादन सम्पादनमा सम्फौता गरेको - १<br>• जि.प्रा.का. प्रमुख, जिविसका अधिकृत कर्माचारी र सबै गाविस सचिवसँग कार्यसम्पादन सम्फौता गरेको - ३ | ३ | नियमित |
| **ज** | **लैङ्गिक तथा सामाजिक समावेशी विकास – १५** | | | | | | |
| ३९. | लैङ्गिक तथा सामाजिक समावेशी विकास | आन्तरिक आय र अनुदान | स्थानीय योजना प्रकृयामा महिला सहभागितामा बढोत्तरी भै समावेशी लक्षित कार्यक्रम संचालन भएको हुने । | स्थानीय योजना प्रकृयामा लक्षित वर्गको अर्थपूर्ण सहभागिता भएको<br><br>बजेट कार्यक्रम र यसको कार्यान्वयन लैङ्गिक मैत्री र समावेशी भएको | • जिविसको बार्षिक योजना तथा बजेटमा प्रत्यक्ष लैङ्गिक उत्तरदायी तथा समावेशी बजेटको अंश कम्तिमा ५० प्रतिशत भएको - २<br>• उपभोक्ता समिति तथा अन्य संरचनामा कम्तिमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित भएको - १<br>• लक्ष्यित क्षेत्रको लागि छुट्याइएको बजेट ( ३५%),अबण्डा नराखी सम्बन्धित क्षेत्रमा पूर्ण कार्यान्वयन भएको - २ | ५ | २ वर्ष |
| ४०. | बाल मैत्री गाविस तथा नगरपालिका घोषणा | आन्तरिक आय र अनुदान | हरेक वर्ष कम्तिमा १ गाविस वा नगरपालिकालाई बालमैत्री गाविस वा नगरपालिका घोषणा गरिएको | जिल्लाका सबै गाविस वा नगरपालिका बाल मैत्री गाविस वा नगरपालिकाको रुपमा घोषणा गरिएको | • वालमैत्री गाविस वा नगरपालिका कार्यान्वयन रणनीति बनाएको - १<br>• एक गाविस वा नगरपालिकामा वालमैत्री निकाय घोषणा गरिएको - १<br>• एक भन्दा बढी गाविस वा नगरपालिकामा वालमैत्री निकाय घोषणा गरिएको - २ | ३ | ३ वर्ष |
| ४१. | बालश्रममा निषेध | आन्तरिक आय र अनुदान | सबै गाविस वा नगरपालिकामा प्रचलित कानून बमोजिम बालश्रमलाई निषेध गरेको | सबै गाविस वा नगरपालिका क्षेत्रमा निकृष्ट प्रकारको बाल श्रममा कमी आएको । | • सबै गाविस/नपाहरुले वालवालिकाको वालश्रमको अवस्था खुलेको स्थिति पत्र तयार गरेको - १<br>• कम्तिमा एक गाविस वा नगरपालिकामा वालश्रम निषेधित गाविस / नपा घोषणा - १<br>• ५० प्रतिशत भन्दाबढी गाविस वा नगरपालिकामा वालश्रम निषेधित गाविस। नपा घोषणा - १ | ३ | २ वर्ष |
| ४२. | नागरिक सचेतना केन्द्रको गठन तथा विस्तार | आन्तरिक श्रोत | हरेक गाविस तथा नगरपालिकाका हरुका वस्तिहरुमा नागरिक सचेतना केन्द्र विस्तार भएको | नागरिक सचेतना केन्द्रको संख्यातथा गुणात्मक कार्यमा बृद्धि भएको | • तोकिए बमोजिम जिल्ला भित्रका स्थानीय निकायमा रहेका कूल नासकेको संख्यामा २५ % सम्म बृद्धि भएको - १<br>• तोकिए बमोजिम जिल्ला भित्रका स्थानीय निकायमा रहेका कूल नासकेको संख्यामा ५० % भन्दा बढीले बृद्धि भएको - २ | २ | २ वर्ष |

| सूचक संख्या | कार्यक्षेत्र | स्रोत साधन | सूचक | अपेक्षित नतिजा | मापक | पूर्णाङ्क | कार्य -समय |
|---|---|---|---|---|---|---|---|
| ४३. | सामुदायिक मेलमिलाप | आन्तरिक आय र अनुदान | सामुदायीक मेलमिलाप केन्द्रहरुको संचालन । | स्थानीय सामाजिक द्वन्द घटाउनमा सामुदायीक मेलमिलाप केन्द्रको भूमिका बढाउने । | • सामुदायिक मेलमिलाप केन्द्र स्थापना र आरम्भ गरेको - २ | २ | २ बर्ष |
| झ | भू.उपयोग तथा व्यवस्थापन – ११ | | | | | | |
| ४४. | गाविस तथा नगरपालिकामा भू-उपयोग योजना कार्यन्वयन | आन्तरिक आय र अनुदान | हरेक वर्ष कम्तिमा थप १ गाविस वा नगरपालिकामा भू-उपयोग योजना कार्यन्वयनमा ल्याईएको | जिल्लाका सबै गाविस तथा नगरपालिकामा भू-उपयोग योजना कार्यन्वयनमा ल्याईएको | • १. नमूनाका रुपमा कम्तिमा एक देखि तीन गाविस तथा नगरपालिकामा भू उपयोग योजना कार्यान्वयन भएको - १<br>• २. पचास प्रतिशत गाविस र सबै नगरपालिकामा भू उपयोग योजना कार्यान्वयन भएको - २<br>• ३. सबै गाविसमा भू उपयोग योजना कार्यान्वयन भएको - ३ | ३ | सालबसाली |
| ४५. | ऐतिहासिक स्थलको संरक्षण र उपयोग | आन्तरिक आय र अनुदान | जिविसले इतिहासविद् वा पुरातत्वविद्को सहायतामा आफ्नो क्षेत्रमा रहेको सबै गाविस तथा नगरपालिकाको एतिहासिक व्यक्ति, घटनासंग जोडिएका वा अन्य ऐतिहासिक स्थल पहिचान गरी सो स्थानमा ढुंगामा विवरण राखी सो स्थललाई पर्यटकीय प्रवर्द्धनमा प्रयोगमा ल्याएको | ऐतिहासिक स्थलको पहिचान र सो स्थानमा अभिलेख वा शिलालेखमा विवरण लेखिएको | • ऐतिहासिक स्थलको पहिचान र सो स्थानमा ढुंगामा विवरण लेखिएका - १<br>• पहिचान भएको ऐतिहासिक स्थानमापर्यटकहरु जान थालेको - २ | २ | २ वर्ष |
| ४६. | खुल्ला क्षेत्र घोषणा | आन्तरिक आय र अनुदान | भूकम्प वा विपद् वा अन्य प्रयोजनको लागि जिविसले गाविस तथा नगरपालिकाहरुको निश्चित क्षेत्रलाई खुल्ला क्षेत्र तोकि खुल्ला क्षेत्रमा समावेश गर्न मन्त्रालय मार्फत गृह मन्त्रालयमा अनुरोध गरेको | जिल्लाका हरेक गाविस तथा नगरपालिकाका वस्तिहरुमा पर्याप्त मात्रामा खुल्ला क्षेत्र तोकिएको । | • हरेक गाविसमा १-१ सार्वजनिक क्षेत्रलाई खुल्ला क्षेत्र तोकेको र सो क्षेत्रमा निर्माण कार्य रोक्का गरेको तथा सो क्षेत्रलाई हरियाली कायम गरेको - १<br>• हरेक गाविसमा एक भन्दा बढी स्थानलाई खुल्ला क्षेत्र तोकि सो क्षेत्रमा निर्माण कार्य रोक्का राखी हरियाली कायम गरिएको - २ | २ | २ वर्ष |
| ४७. | सार्वजनिक जग्गाको संरक्षण | आन्तरिक आय र अनुदान | जिल्ला भित्रका सम्पूर्ण सार्वजनिक जमिन तथा सम्पत्तिको लगत तयार गरी सो को विवरण मन्त्रालयमा पठाएको हुने | सम्पूर्ण सार्वजनिक जमिन तथा सम्पत्तिको लगत राखेको र सो को संरक्षण भएको | • हरेक वर्ष सबै गाविस तथा नगरपालिकाको सार्वजनिक जमिन तथा सम्पत्तिको लगतप्रतिवेदन वेवसाईटमा राखी मन्त्रालयमा समेत उपलव्ध भएको - १<br>• हरेक वर्ष जिल्लाको सम्पूर्ण सार्वजनिक जमिन तथा सम्पत्तिको लगतप्रतिवेदन मन्त्रालयमा उपलव्ध भएको | २ | १ वर्ष |

| सूचक संख्या | कार्यक्षेत्र | स्रोत साधन | सूचक | अपेक्षित नतिजा | मापक | पूर्णाङ्क | कार्य -समय |
|---|---|---|---|---|---|---|---|
| | | | | | - २ | | |
| ४८. | Cost-EffectiveHousing को तालिम र Certification | आन्तरिक आय र अनुदान | हरेक गाविस तथा नगरपालिकाले कम्तिमा २५ जनालाई Cost-Effective Housingवा Green Home निर्माण सम्बन्धी १ हप्ते तालिम प्रदान गरी certified गरेको | हरेक गाविस तथा नगरपालिकामा २५ जना तालिम प्राप्त जनशक्ति उत्पादन | • २५ % गाविस तथा नगरपालिकामा तालिम प्राप्त जनशक्तिबाट Cost-effective house निर्माण वा Green Home अवधारणा अनुसार घर निर्माण हुन थालेको - १<br>• सबै गाविस तथा नगरपालिकामा तालिम प्राप्त जनशक्तिबाट Cost-effective house निर्माण वा Green Home अवधारणा अनुसार घर निर्माण हुन थालेको - २ | २ | |
| ञ. | **जीविकोपार्जन तथा आय आर्जन – ६** | | | | | | |
| ४९. | एक ठाउँ एक उत्पादनको अवधारणा कार्यान्वयन | आन्तरिक आय र अनुदान | जिविसले स्थानीय उद्योग तथा उद्यमीसँग सम्बन्धित संस्थाहरुसँग सहकार्य गरी गाविस हरुको पहिचानको रुपमा एक गाविस तथा नगरपालिका एक वस्तु विकास गरी उत्पादन तथा बिक्री गर्ने कार्यक्रम सञ्चालन गरेको । | एक वस्तु एक गाविस कार्यक्रम सञ्चालन गरी स्थानीय आर्थिक विकास भएको । | • २५ % गाविसमा एक गाविस एक वस्तु कार्यक्रम कार्यन्वयन भएको - १<br>• सबै गाविसमा एक गाविस तथा नगरपालिका एक वस्तु कार्यक्रम कार्यान्वयन भएको - २<br>• जिल्ला सदरमुकाममा रहेको निजी वा सार्वजनिक कोसेली घरबाट गाविस तथा नगरपालिकाको पहिचानको वस्तु बिक्री हुने गरेको - २ | ४ | २ वर्ष |
| ५०. | सामुदायिक आय आर्जन तथा विपन्न वर्गमुखी कार्यक्रम | आन्तरिक आय र अनुदान | विपन्न परिवारका लागि जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन भएका | जिल्लामा नमूनायोग्य आय आर्जन कार्यक्रम सञ्चालन भएको | • नमूनाका रुपमा गाविस तथा नगरपालिकामा आय आर्जन कार्यक्रम संचालन भएका - १<br>• जिल्लाका कम्तीमा ७५ प्रतिशत गाविस तथा नगरपालिकाका १-१ वडामा जिविको पार्जन सुधार कार्यक्रम सञ्चालन भएको - २ | २ | २ वर्ष |
| ट | **निक्षेपित तथा विषय क्षेत्रगत विकास व्यवस्थापन – १०** | | | | | | |
| ५१. | पूर्ण साक्षर गाविस तथा नगरपालिका घोषणा गराउने | आन्तरिक आय र अनुदान तथा जिशिकाको रकम | पूर्ण साक्षर गाविस तथा नगरपालिका घोषणा | साक्षर जनसंख्या बृद्धि भएको हुने । | • कम्तीमा ४० प्रतिशत गाविस तथा एक नगरपालिका पूर्ण साक्षर घोषणा भएका - १<br>• ५० प्रतिशत भन्दा बढी गाविस तथा एक भन्दा बढी नगरपालिकामा पूर्ण साक्षारता घोषणा भएको - २ | २ | २ वर्ष |
| ५२. | पूर्ण खोप गाविस तथा नगरपालिका घोषणा | आन्तरिक आय र अनुदान | खोप सेवाको पहुँच बृद्धि भएको हुने। | स्वास्थ्य मन्त्रालयले तय गरेको परिमाणमा सबै बालबालिका तथा आमा हरुले समयमा नै खोप पाएको हुने । | • चालिस प्रतिशत गाविस तथा नगरपालिका पूर्ण खोपयुक्त निकाय घोषणा भएका - १<br>• शत प्रतिशत गाविस तथा नगरपालिकाहरु पूर्ण खोपयुक्त घोषणा भएका - २ | २ | २ वर्ष |
| ५३. | विकेन्द्रीकरण तथा विषयगत निकायसंग समन्वय | आन्तरिक आय र केन्द्रीय अनुदान | क्षेत्रगत निक्षेपण सुदृढीकरण र विषयगत विकास कार्यक्रममा समन्वय, सहकार्य र एकरुपता कायम हुने । | स्थानीय विकास विकेन्द्रीकरण र निक्षेपण सुदृढ हुने ।<br>जिल्लाको समग्र विकासका सुचकहरुमा | • जिल्ला विकास योजनामा कृषि तथा पशु विकास सम्बन्धी कम्तिमा पाँच वटा योजना समावेश भएको - २<br>• पर्यटन विकास सम्बन्धी सांस्कृतिक सम्पदाको पहिचान, संरक्षण र विकास (मठमन्दिर, गुम्बा विहार, | ५ | २ वर्ष |

| सूचक संख्या | कार्यक्षेत्र | स्रोत साधन | सूचक | अपेक्षित नतिजा | मापक | पूर्णाङ्क | कार्य -समय |
|---|---|---|---|---|---|---|---|
| | | | स्थानीय विकासका विभिन्न क्षेत्रहरु (कृषि विकास, स्वास्थ्य तथा सरसफाई, भौतिक पूर्वाधार विकास,शिक्षा तथा संस्कृति लगायतमा प्रभावकारिता बृद्धि हुने । | प्रगति हुने र समन्वय तथा सहकार्यमा बढोत्तरी हुने । | मस्जिद, चाडपर्व, सांस्कृतिक धरोहर) गरेको - १<br>• पर्यटन सूचना सम्बन्धी व्यवस्थापन भएको - १<br>• पर्यटकिय पूर्वाधार विकास निर्माण (सूचना केन्द्र, भ्यु प्वाईन्ट, पर्यटन मार्ग, ट्रेकींग ट्रेल, तालतलैया संरक्षण र विकास) भएको - १ | | |
| ठ. | **आर्थिक प्रशासन तथा वित्तीय अनुशासन – १५** | | | | | | |
| ५४. | आर्थिक प्रशासन र व्यवस्थापन | आन्तरिक आय र केन्द्रीय अनुदान | • जिविस तथा गाविसहरुमा वित्तीय प्रशासन प्रणाली सफ्टवेयर लागूगर्ने<br>• बेरुजु घटाउने र बेरुजू फछ्र्यौटमा उल्लेख्य उपलब्धी हासिल गर्नुका साथै वित्तीय जोखिम कार्ययोजना ( FRRAP ) कार्यान्वयन गरी आर्थिक उत्तरदायीत्व एवं पारदर्शिता बढाउने । | • जिल्ला विकास समितिहरुको आर्थिक प्रशासन प्रणाली सुदृढ हुने ।<br>• आर्थिक सुशासन र अनुशासन प्रबर्द्धन हुने | • जिविसहरुमा DDC, FAMP पूर्ण रुपमा कार्यान्वयनमा आएको - २<br>• कम्तिमा ५० प्रतिशत गाविसमा लेखा सफ्टवेयर प्रयोग भएमा - १<br>• सबै गाविसहरुमा लेखा सफ्टवेयर प्रयोग भएमा- २<br>• जिविसको आलेप नियमित रुपमा भै सो अनुसार सुधारका प्रयासहरु भैरहेका - २<br>• सबै गाविसहरुको चौमासिक रुपमा आलेप भै प्रतिवेदन अभिलेख भएको - २<br>• वित्तीय जोखिम कार्ययोजना (FRRAP) कार्यान्वयन भएको - २ | १० | सालबसाली |
| ५५. | पेश्की तथा बेरुजु | आन्तरिक श्रोत तथा अनुदान | एक वर्षभित्र बहालवाला कर्मचारीको नाममा रहेको म्याद नाघेको पेश्की सून्य हुनेछ ।<br>अन्य व्यक्ति, पदाधिकारी तथा संस्थाको नाममा रहेको म्याद नाघेको पेश्की ७० प्रतिशतले घटेको हुनेछ । | जिविसले वित्तिय सुशासन कार्ययोजना निर्माण गरी वित्तिय सुशासन कायम गर्ने गरेको | • कर्मचारीको नाममा म्याद नाघेको पेश्की नभएको-१<br>• कूल बेरुजू मध्ये कम्तिमा ४० प्रतिशत बेरुजु फर्स्यौट गरेको - १ वा<br>• कुल बेरुजु कम्तीमा ७० प्रतिशत बेरुजू फछ्र्यौट गरेको - ३<br>• जिविसको कूल खर्चमा बेरुजूको अंश ५ % भन्दा कम रहेको - २ | ६ | २ वर्ष |
| ५६. | वार्षिक खरिद योजना कार्यन्वयन | - | जिविसले आफ्ना सम्पूर्ण खरिदहरु वार्षिक खरिद योजना अनुसार मात्र गरेको | सार्वजनिक खरिद व्यवस्थित भएको | • खरिद कार्य खरिद एकाई मार्फत मात्र भएको - १<br>• सम्पूर्ण खरिदहरु खरिद एकाईबाट वार्षिक खरिद योजना अनुसार मात्र गरेको - २ | २ | १ वर्ष |
| ड | **अनुगमन तथा मूल्यांकन – १५** | | | | | | |
| ५७. | अनुगमन, मूल्यांकन सम्बन्धी | आन्तरिक आय र केन्द्रीय अनुदान | जिल्ला विकास समिति तथा गाविस मार्फत | जिविस मार्फत संचालन हुने योजना कार्यान्वयन | • नियमित रुपमा वेव वेस्ड रिपोर्टिंग सिस्टम (WBRS) मा प्रतिवेदन प्रविष्ट गरिएको हुने - ३ | | सालबसाली |

| सूचक संख्या | कार्यक्षेत्र | स्रोत साधन | सूचक | अपेक्षित नतिजा | मापक | पूर्णाङ्क | कार्य -समय |
|---|---|---|---|---|---|---|---|
| | | | संचालन हुने योजनाको कार्यान्वयनमा प्रभावकारिता ल्याउन अनुगमन प्रणाली व्यवस्थित भएको । योजना कार्यक्रमहरुको प्रतिवेदन प्रणालीलाई प्रभावकारी भएको । गाविसहरुको अनुगमन प्रभावकारी भएको । प्रतिवेदन प्रणाली सुदृढ भएको । | प्रभावकारी हुने । अनुगमन तथा प्रतिवेदन प्रणाली सुदृढ हुने । | • रु. १५ लाख भन्दा बढी लागत भएका योजनाहरु मध्ये कम्तिमा ५० प्रतिशत योजनाको सघन अनुगमन गरी प्रतिवेदन सार्वजनिक गरेको - २<br>• एक चौथाई गाविसहरुको सघन अनुगमन गरी प्रतिवेदन सार्वजनिक गरेको र गाविसको काममा सुधार आएको - २<br>• जिल्लाको बार्षिक अनुगमन प्रतिवेदन सार्वजनिकीकरण गरिएको हुने - ३<br>• कम्तीमा चौमासिक र बार्षिक समीक्षा कार्यक्रम नियमित रुपमा हुने गरेको - ३<br>• जिल्लामाDPMAS सफ्टवेयरमा सूचना अद्यावधिक गरी प्रतिवेदन प्रकाशन गरेको - २ | | |
| ढ. | **विविध १३** | | | | | | |
| ५८. | नीति निर्देशन कार्यान्वयन | आन्तरिक श्रोत र अनुदान | नीति निर्देशन कार्यान्वयन | नेपाल सरकारको निर्देशनको प्रभावकारी परिपालना हुने | • नेपाल सरकारले सुम्पिएका निर्देशन र नीतिहरुको कार्यान्वयन प्रभावकारी रुपमा गरेको - २ | २ | |
| ५९. | वार्षिक स्थिति प्रतिवेदन | | जिल्ला विकासको समग्र स्थिति प्रतिवेदन प्रकाशन भएको | बार्षिक विकास स्थिति सार्वजनिक भएको हुने । | • नेपाल सरकार समक्ष बार्षिक रुपमा जिल्ला विकासको स्थिति प्रतिवेदन पेश गरेको - २ | २ | |
| ६०. | गैर सरकारी संस्था समन्वय | आन्तरिक श्रोत र अनुदान | गैर सरकारी संस्थाहरुको विवरण अद्यावधिक रहेको र विकासमा समन्वयात्मक सहकार्य कायम रहेको | गैर सरकारी संस्थाको श्रोत साधन प्रभावकारी रुपमा परिचालन भएको हुने । | • जिल्लाको गैर सरकारी संस्थाको पार्श्वचित्र (प्रोफाईल) तयार गरेको - २<br>• गैर सरकारी संस्थाको प्रभावकारी परिचालन र समन्वयका लागि जिल्लाको कार्यविधि स्वीकृत गरी सार्वजनिक गरेको - १<br>• बार्षिक योजनामा गैर सरकारी संस्थाको विवरण र कार्यक्रम समावेश भएको - १ | ४ | |
| ६१. | नयाँ पहलको शुरुआत | आन्तरिक श्रोत र अनुदान | जिल्लाका लागि उपयोगी, दिगो वा दीर्घकालिन महत्वकको विकासमुखी नयाँ पहलको थालनी गरेको । | नयाँ पहल शुरु गरी जिल्लाको विकासमा योगदान पुर्‍याएको हुने । | • कार्यालय प्रमुखले संस्थागत स्मरणका लागि काम सँग सम्बन्धित विषयमा दैनिक डायरी टिपोट, अभिलेख अद्यावधिक गर्ने गरेको - १<br>• सिर्जनात्मक वा नवीन प्रकृतिका प्रयासहरु जिविस वा परिषदको निर्णय मार्फत कार्यान्वयनमा ल्याएको- १<br>• सरुवा वा बढुवा भइ जाँदा साविकवालाले हालवालालाई जिविस को माइन्यूट, परिषद कागजातहरु, बेरुजु लगतहरु, गाविसका माइन्यूटहरु हस्तान्तरण र बरबुझारथ गरे गराएको - १ | ३ | |
| ६२. | निजी,सार्वजनिक र सहकारी क्षेत्र साझेदारी | सबै श्रोत | निजी, सार्वजनिक र सहकारी क्षेत्रमा सहकारिताका लागि जिल्लागत नीति बनेको | आर्थिक विकासका लागि साझेदारितामा बृद्धि | • सम्बन्धित सबै सरोकारवालाहरुसँग समन्वय गरी निजी, सार्वजनिक र सहकारी क्षेत्रको सहकार्य सम्बन्धी नीति तथा कार्ययोजना स्वीकृत गरेको - १<br>• सबै सरोकारवालाहरुको संयुक्त तत्वावधानमा लागत | २ | |

| सूचक संख्या | कार्यक्षेत्र | स्रोत साधन | सूचक | अपेक्षित नतिजा | मापक | पूर्णाङ्क | कार्य -समय |
|---|---|---|---|---|---|---|---|
| | | | | | साझेदारीको कम्तिमा दईवटा योजना स्वीकृत गरी कार्यान्वयनमा लगेको - १ | | |
| कूल अंक | | | | | | २५० | |

## ग. कार्यसम्पादन अंक भारको बिभाजन

| कार्यसम्पादन अंक | नतिजा |
|---|---|
| ०- ४० % सम्म | कमजोर |
| ४० भन्दा बढी देखि ५० % सम्म | न्यून |
| ५० भन्दा बढी देखि ६० % सम्म | सामान्य |
| ६० भन्दा बढी देखि ८० % सम्म | राम्रो |
| ८० भन्दा बढी देखि ९० % सम्म | उच्च |
| ९०% भन्दा बढी | उत्कृष्ट |

**प्रथम पक्ष**

........................
माधव प्रसाद रेग्मी
सचिव
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार
मितिः

**दोस्रो पक्ष**

...........................
स्थानीय विकास अधिकारी
जिल्ला विकास समिति, ......................
मितिः

**साक्षीहरु**

.................................
सह-सचिव
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार
मितिः

.................................
सह-सचिव
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार
मितिः

...................................
सह-सचिव
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार
मितिः